# उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना:** सौविध्यपूर्ण व्यापार प्रणालीबाट सिर्जित अवसरको सदुपयोग गर्न नेपालमा उत्पादित वस्तु निकासीका लागि आवश्यक पर्ने उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रियालाई सरल, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ४ बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिप्राप्त संस्था" भन्नाले दफा ४ बमोजिम उत्पत्तिको प्रमाणपत्र जारी गर्न अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ।

(ग) "उत्पत्तिको प्रमाणपत्र" भन्नाले नेपालमा उत्पादन गरी निकासी गरिने कुनै वस्तु नेपालमा उत्पादन भएको हो भनी अनुमतिप्राप्त संस्थाबाट दफा ७ बमोजिम जारी गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनु पर्छ।

३. **निवेदन दिनु पर्ने:** (१) उत्पत्तिको प्रमाणपत्र जारी गर्न चाहने संस्थाले अनुमतिपत्रको लागि अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कसैको निवेदन प्राप्त भएमा मन्त्रालयले त्यस्तो निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी सिफारिस गर्न समितिमा पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम कुनै निवेदन प्राप्त हुन आएमा समितिले त्यस्तो निवेदनको सम्बन्धमा दफा ४ बमोजिम योग्यता भए नभएको जाँचबुझ गरी उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अनुमतिपत्र प्रदान गर्न वा नगर्न मन्त्रालयसमक्ष सिफारिस गर्नु पर्नेछ।

४. **अनुमतिपत्र दिनु पर्ने:** (१) दफा ३ बमोजिम कुनै संस्थालाई उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अनुमतिपत्र प्रदान गर्न समितिबाट सिफारिस भई आएमा मन्त्रालयले निर्णय गरी आवश्यक शर्त तोकी सात दिनभित्र निर्धारित ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ।

(२) दफा ३ बमोजिम कुनै संस्थालाई उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अनुमति प्रदान गर्न नसकिने भनी समितिबाट सिफारिस भई आएमा मन्त्रालयले सोको कारण सहितको लिखित जानकारी तीन दिनभित्र सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित संस्थाले अनुरोध गरेमा मन्त्रालयले त्यस्तो संस्थालाई उत्पत्तिको प्रमाणपत्र जारी गर्न अनुमतिपत्र दिन सक्नेछ।

५. <u>उत्पत्तिको प्रमाणपत्र जारी गर्ने संस्थाको योग्यताः</u> (१) देहाय बमोजिमको योग्यता पुगेको संस्था उत्पत्तिको प्रमाणपत्र जारी गर्न योग्य हुनेछः-

(क) उद्योग, व्यवसाय वा आयात निर्यातसँग सम्बन्धित केन्द्रीयस्तरको छाता संगठन,

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "छाता सङ्गठन" भन्नाले एकै प्रकृतिको उद्योग वा व्यवसाय गर्ने उद्योगी वा व्यवसायी सदस्य भई स्थापना भएको संघ, संस्था वा सङ्गठन सदस्यको रुपमा रहने गरी प्रचलित कानून बमोजिम दर्ता भई स्थापना वा गठन भएको उद्योगी वा व्यवसायीको केन्द्रीयस्तरको संघ, संस्था वा सङ्गठन सम्झनु पर्छ।

(ख) मन्त्रालयले तोकेको भौतिक पूर्वाधार, जनशक्ति र प्राविधिक क्षमता भएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित संस्थालाई उपदफा (१) बमोजिमको योग्यता आवश्यक पर्ने छैन।

६. <u>अनुमतिपत्र जारी नगरिनेः</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले देहायका संस्थालाई उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अनुमतिपत्र प्रदान गर्ने छैनः-

(क) द्विराष्ट्रिय तथा बहुराष्ट्रिय चेम्बर अफ कमर्स र

(ख) वस्तुगत संघ तथा महासंघ ।

७. <u>उत्पत्तिको प्रमाणपत्र जारी गर्नेः</u> (१) नेपालमा उत्पादित वस्तु निकासी गर्न चाहने निकासीकर्तालाई त्यस्तो वस्तुको सम्बन्धमा उत्पत्तिको प्रमाणपत्र आवश्यक पर्ने भएमा भारतमा निकासी गर्नको लागि अनुसूची– २ र भारतबाहेक अन्य मुलुकमा निकासी गर्नको लागि अनुसूची– ३ बमोजिमको ढाँचामा आवश्यक विवरण तथा कागजात सहित अनुमतिपत्र प्राप्त संस्थामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कसैको निवेदन प्राप्त भएमा अनुमतिपत्र प्राप्त संस्थाले निवेदनसाथ संलग्न विवरण तथा कागजातको सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा उत्पत्तिको प्रमाणपत्र जारी गर्न उपयुक्त देखेमा दफा १० बमोजिम लाग्ने सेवा शुल्क लिई यथासम्भव

सोही दिन र नसके सोको भोलिपल्ट अनुसूची– ४ बमोजिमको ढाँचामा उत्पत्तिको प्रमाणपत्र जारी गर्नु पर्नेछ।

तर उत्पत्तिको प्रमाणपत्र सम्बन्धमा आयातकर्ता मुलुकले कुनै निश्चित ढाँचा निर्धारण गरेको रहेछ भने मन्त्रालयको स्वीकृति लिई त्यस्तो ढाँचा बमोजिम उत्पत्तिको प्रमाणपत्र जारी गर्न बाधा पर्ने छैन।

(३) अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (२) बमोजिम उत्पत्तिको प्रमाणपत्र जारी गर्दा आफ्नो संस्थाको प्रदेश वा जिल्लास्थित कार्यालयबाट समेत उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश वा जिल्लास्थित कार्यालयबाट उत्पत्तिको प्रमाणपत्र जारी गर्दा सो प्रदेश वा जिल्लामा उत्पादित वस्तुको मात्र उत्पत्तिको प्रमाणपत्र जारी गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (३) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले नेपालको जुनसुकै क्षेत्रमा उत्पादित वस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुँदाका बखत उत्पत्तिको प्रमाणपत्र जारी गरी आएको संस्थाले यो कार्यविधि प्रारम्भ भएको दुई महिनाभित्र यस कार्यविधि बमोजिम पुनः अनुमतिपत्र लिनु पर्नेछ।

तर नयाँ अनुमतिपत्र प्राप्त नगरेसम्म सो अवधिभित्र साविक बमोजिम उत्पत्तिको प्रमाणपत्र जारी गर्न बाधा पर्ने छैन।

८. <u>समितिको गठनः</u> (१) यस कार्यविधि बमोजिम उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा आवश्यक कार्य गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) सहसचिव, द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -अध्यक्ष

(ख) उपसचिव, बहुपक्षीय व्यापार शाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, उद्योग विभाग -सदस्य

(घ) प्रतिनिधि, भन्सार विभाग -सदस्य

(ङ) उपसचिव, निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरण शाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य-सचिव।

(२) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार कुनै संस्थाका प्रतिनिधि वा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको सदस्य-सचिवले समितिको बैठकको निर्णय समितिको अध्यक्षबाट प्रमाणित गराई राख्नु पर्नेछ।

९. **समितिको काम कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ३ बमोजिम प्राप्त निवेदनउपर आवश्यक जाँचबुझ गरी उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अनुमतिको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ख) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने संस्थाबाट जारी भएका उत्पत्तिको प्रमाणपत्रको विवरण प्राप्त गरी एकीकृत विवरण राख्ने,

(ग) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने संस्थाले यस कार्यविधि बमोजिम उत्पत्तिको प्रमाणपत्र जारी गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(घ) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा देखिएका समस्या पहिचान गरी समाधानका लागि मन्त्रालयमा सुझाव पेश गर्ने,

(ङ) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा मन्त्रालयले तोकेका अन्य कार्य गर्ने।

१०. **सेवा शुल्कः** (१) अनुमतिपत्र प्राप्त संस्थाले उत्पत्तिको प्रमाणपत्र जारी गर्दा निर्यातकर्ताले पेश गरेको बीजक मूल्यको आधारमा प्रति सय रुपैयाँको नौ पैसाका दरले सेवा शुल्क लिन पाउनेछ।

(२) अनुमति प्राप्त संस्थाले उपदफा (१) बमोजिम लिएको सेवा शुल्कको पाँच प्रतिशतका दरले हुन आउने एकमुष्ठ रकम चौमासिक रुपमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई बुझाउनु पर्नेछ।

(३) अनुमति प्राप्त संस्थाले उपदफा (१) बमोजिम उठाइएको सेवा शुल्कमध्ये उपदफा (२) बमोजिम व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई बुझाई बाँकी रहेको रकम कार्ययोजना बनाई निर्यात प्रवर्द्धन सम्बन्धी कार्य र आफ्नो संस्थागत क्षमता विकासमा खर्च गर्नु पर्नेछ।

११. **उत्पत्तिको प्रमाणपत्र आवश्यक नपर्नेः** वस्तु आयात गर्ने मुलुकले उत्पत्तिको प्रमाणपत्र आवश्यक नपर्ने तर वस्तुको उत्पत्ति नेपालमा नै भएको हो भन्ने अन्य कुनै आधार वा प्रमाण पेश गरे हुनेगरी कुनै व्यवस्था गरेकोमा त्यस्तो वस्तु निर्यात गर्दा यस कार्यविधि बमोजिम उत्पत्तिको प्रमाणपत्र लिन आवश्यक पर्ने छैन।

१२. <u>अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्यः</u> (१) अनुमतिपत्र प्राप्त संस्थाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) आफूले जारी गरेको उत्पत्तिको प्रमाणपत्रको सिलसिलेवार नम्बर मिलाई निकासी भएको वस्तुको वस्तुगत र देशगत तथ्याङ्कको अभिलेख राख्ने र सोको विवरण मन्त्रालयले तोकेको ढाँचामा प्रत्येक महिनाको सात गतेभित्र मन्त्रालयमा पेश गर्ने,

(ख) सौविध्यपूर्ण व्यापार सुविधा अन्तर्गत जारी हुने उत्पत्तिको प्रमाणपत्र उद्योग विभाग अन्तर्गत रहने प्राविधिक समितिले गरेको सिफारिसको आधारमा जारी गर्नुपर्ने।

(२) उत्पत्तिको प्रमाणपत्र जारी गर्न अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्र प्राप्त गरेको तीन महिनाभित्र आवश्यक विद्युतीय प्रणाली स्थापना गरी अनलाईनको माध्यमबाट उत्पत्तिको प्रमाणपत्र जारी गर्नु पर्नेछ।

(३) दफा (२) बमोजिमको विद्युतीय प्रणाली आयात निर्यातमा सहजीकरण गर्ने उद्देश्यले स्थापित नेपाल सरकारको नेपाल राष्ट्रिय एकद्वार प्रणालीसँग आवद्धता गर्नु पर्नेछ।

१३. <u>निर्देशन दिन सक्नेः</u> (१) मन्त्रालयले उत्पत्तिको प्रमाणपत्र जारी गर्ने विषयका सम्बन्धमा अनुमतिपत्र प्राप्त संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

१४. <u>अनुमतिपत्र खारेज गर्न सक्नेः</u> दफा १० को उपदफा (२) बमोजिम सेवा शुल्क नबुझाउने, दफा १३ बमोजिम मन्त्रालयले दिएको निर्देशन पालना नगर्ने वा यस कार्यविधि विपरीत उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अनुमतिपत्र प्राप्त संस्थालाई मन्त्रालयले जुनसुकै बखत अवधि तोकी उत्पत्तिको प्रमाणपत्र जारी गर्ने कार्यमा रोक लगाउन वा निजको अनुमतिपत्र रद्द गर्न सक्नेछ।

१५. <u>बक्यौता रकम भुक्तानी गर्नेः</u> यो कार्यविधि प्रारम्भ हुँदाका बखत उत्पत्तिको प्रमाणपत्र जारी गरी आएका संस्थाले सो बापत आफूले उठाएको शुल्क रकममध्ये सम्बन्धित संस्थाहरुबीच बाँडफाँट गर्न बाँकी रकम यो कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र बाँडफाँट गरी फरफारख गरिसक्नु पर्नेछ।

१६. <u>अनुसूचीमा संशोधनः</u> मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा संशोधन गर्न सक्नेछ।

१७. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u> यस कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१८. <u>खारेजी र बचाउः</u> (१) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०६७ खारेज गरिएको छ।

(२) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०६७ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिने छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# अनुसूची -१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

मितिः.....

श्रीमान् सचिवज्यू,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषय :- उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अनुमतिपत्र पाऊँ।

उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७ को दफा ५ बमोजिमको योग्यता पुगेको हुँदा संलग्न कागजात सहित उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अनुमतिपत्र प्रदान गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदक
नामः-
पदः-
संस्थाको नामः-
संस्थाको ठेगाना :-

संलग्न कागजातहरुः

१. संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. संस्थाको विधानको प्रमाणित प्रतिलिपि,
३. संस्थाको लेखापरीक्षण प्रतिवेदन एवं आवधिक नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. संस्थाको वार्षिक कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
५. संस्था सञ्चालनमा रहेको कार्यालयको भौतिक सम्पत्ति एवं कार्यरत जनशक्तिको विवरण।
६. अख्तियारनामा ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# अनुसूची-२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित )

## Application for Certificate of Origin (Export to India)

1. Name of Industry :
2. Address :
3. . Scale: Large/Medium/Small/Cottage :
4. Fixed Capital Investment: NPR.
5. Name of product for export : H S Code :
6. Approved annual production capacity of the item :
7. Quantity to be exported :
8. Materials, parts or produce

| Name | Origin | H S Code | Consumption Quantity | Unit | Price NPR |
|---|---|---|---|---|---|
| a) Nepalese Origin/Indian Origin<br>..........................................<br>..........................................<br>...... ................................<br>b) Third country/Undetermined Origin<br>..............................................<br>..........................................<br>.......................................... | | | | | |

9. Sum of the value of third country and undetermined origin = NPR
10. FOB Price in NPR of the Product (Please attach the basis of calculation):

---

a) H S Code must be in six digit level. e.g. 550921
b) If Nepalese/Indian write (a), If third country / undetermined origin write (b).
c) As per material consumption norms approved of Department of Industry.
d) CIF Nepalese border price only of Third Country or country not determined material, parts or produce.
e) Ex-Factory price means the price of product at the time of clearance from the factory gate.
f) The basis shall be given by industries once a year or if there is change in any variable they have to provide it within a month.

11. Percentage of the sum of the value of third country and undetermined origin material, parts of produce as given in S. No. 8 to the value of FOB price as given in S. No. 9.
12. Description of manufacturing process (attach flow chart) :
13. Packing type :
14. Brand if any :
15. Customs point of export :
16. Member:

17. District Chamber Membership: (Date)

18. Declaration :

The undersigned hereby declares that the details furnished above are correct, that the Articles are produced in Nepal and that they comply with the Rules of Origin specified in the Treaty of Trade between the Government of Nepal and the Government of India.

Seal of Industry

Authorized Signature and Date:

Name:

Designation:

---

**To be filled by Expert Committee**:

Value Addition (Third Country Material Content) Calculation as mentioned above meets the criteria for issue of Certificate of Origin.

| | | |
|---|---|---|
| Signature and Date | Signature and Date | Signature and Date |
| .................. | .................. | ............ |
| Name | Name | Name |
| .................. | .............. | .................. |
| Designation | Designation | Designation |
| ..................... | .............. | ................ |
| Institution | Institution | Institution |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## Cost Sheet

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **Company Name** | | | | | |
| | **Production Activities** | | | | | |
| | **Production Capacity** | | | | | |
| | **Export Quantity** | | | | | |
| | **Product HS Code (6 digit)** | | | | | |
| | **Calculation Basis** | | | | | |
| 1 | **RM/PM Consumption As per Norms** | | | | **Rate/unit** | **Amount NPR** |
| | **Materials** | **HS Code** | **Unit** | **Qty** | | |
| 1A | **Nepalese Materials** | | | | | |
| | | | | | | |
| | | | | | | |
| 1B | **Indian Materials** | | | | | |
| | | | | | | |
| | | | | | | |
| 1C | **Third Country Materials** | | | | | |
| | | | | | | |
| | | | | | | |
| 1D | **Country not determined Material** | | | | | |
| | | | | | | |
| | | | | | | |
| | **Third Country/ Country not determined Material** | | | | | |
| **2** | **Operating Cost** | | | | | |
| | Conversion Cost For Packing materials | | | | | |
| 2.1 | Depreciation & Amortisation | | | | | |
| 2.2 | Insurance | | | | | |
| 2.3 | Labour | | | | | |
| | Office-indirect | | | | | |
| | Factory-Direct | | | | | |
| 2.4 | Utilities | | | | | |
| | Electricity/Communication | | | | | |
| | Fuel/Lubricants | | | | | |
| 2.5 | Financial Cost | | | | | |
| | Long Term Loan | | | | | |
| | Short Term Loan | | | | | |
| 2.6 | Office Overhead | | | | | |
| 2.7 | Marketing Overheads | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 2.8 | Factory Overheads | | | | |
| 3 | **Manufacturing Cost** | | | | |
| 4 | **Profit margin** | | | | |
| 5 | **FOB Price** | | | | |
| 6 | **Value Addition (VA)** | | | | |
| 7 | **% of Third Country & Undetermined Origin (A/B) =** | | **less than 70 %** | **for India export** | |

उत्पत्तिको प्रमाणपत्र प्राप्त गर्न निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः

१. आयात निर्यात अनुमति-पत्र (EXIM CODE) को प्रतिलिपि

२. स्थानीय बजारबाट कच्चा पदार्थ खरिद गरेको भए खरिद गरिएको मालवस्तुको VAT/PAN Bill को प्रतिलिपि

३. नयाँ वा क्षमता अभिवृद्धि गरेको उद्योगको हकमा उद्योग विभागको प्राविधिक समितिको सिफारिस।

# अनुसूची-३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**Application for Certificate of Origin (Export to third Countries other than India)**

1. Name of Industry :
2. Address :
3. Scale: Large/Medium/Small/Cottage :
4. Fixed Capital Investment: NPR
5. Name of Product for Export : H S Code (6 digit) :
6. Approved annual production capacity of the item :
7. Quantity to be exported :
8. Materials, parts or produce

| Name | Origin | H S Code | Consumption Quantity | Unit | Price NPR |
|---|---|---|---|---|---|
| a) Nepalese Origin<br>..........................................<br>...... ................................<br>b) Non Originating<br>...............................................<br>............................................. | | | | | |

9. FOB Price in NPR of the Product (Please attach the basis of calculation):

------------------------------------------------------------------------------------------

a) As per material consumption norms approved by Department of Industry.
b) CIF Nepalese border price only of Third Country or Undetermined origin material, parts or produce.
c) Ex-Factory price means the price of product at the time of clearance from the factory gate.
d) The basis shall be given by industries once a year or if there is change in any variable they have to provide it within a month.

10. Description of Manufacturing Process (attach flow chart) :
11. Packing Type :
12. Brand if any :
13. Customs point of export :
14. Member:
15. District Chamber Membership: (Date)
16. Declaration :

The undersigned hereby declares that the details furnished above are correct, that the Articles are produced in Nepal and that they comply with the Rules of Origin of the importing country.

Seal of Industry

Authorized Signature and Date:

Name:

Designation:

## Cost Sheet

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **Company Name** | | | | | |
| | **Production Activities** | | | | | |
| | **Production Capacity** | | | | | |
| | **Export Quantity** | | | | | |
| | **Product HS Code** | | | | | |
| | **Calculation Basis** | | | | | |
| 1 | **RM/PM Consumption As per Norms** | | | | **Rate/unit** | **Amount NRs.** |
| | **Materials** | **HS Code** | **Unit** | **Qty** | | |
| 1A | **Nepalese Materials** | | | | | |
| | | | | | | |
| | | | | | | |
| 1B | **Non Originating materials** | | | | | |
| | | | | | | |
| | | | | | | |
| **2** | **Operating Cost** | | | | | |
| | Conversion Cost For Packing materials | | | | | |
| 2.1 | Depreciation & Amortisation | | | | | |
| 2.2 | Insurance | | | | | |
| 2.3 | Labour | | | | | |
| | Office-indirect | | | | | |
| | Factory-Direct | | | | | |
| 2.4 | Utilities | | | | | |
| | Electricity/Communication | | | | | |
| | Fuel/Lubricants | | | | | |
| 2.5 | Financial Cost | | | | | |
| | Long Term Loan | | | | | |
| | Short Term Loan | | | | | |
| 2.6 | Office Overhead | | | | | |
| 2.7 | Marketing Overheads | | | | | |
| 2.8 | Factory Overheads | | | | | |
| 3 | **Manufacturing Cost** | | | | | |
| 4 | **Profit margin** | | | | | |
| 5 | **FOB Price** | | | | | |
| 6 | **Value Addition (VA)** | | | | | |
| 7 | **% age of non-originating materials** | | | | | |

उत्पत्तिको प्रमाणपत्र प्राप्त गर्न निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः

२. स्थानीय बजारबाट कच्चा पदार्थ खरिद गरेको भए खरिद गरिएको मालवस्तुको VAT/PAN Bill को प्रतिलिपि

३. नयाँ वा क्षमता अभिवृद्धि गरेको उद्योगको हकमा उद्योग विभागको प्राविधिक समितिको सिफारिस।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-४

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

| | |
|---|---|
| 1. Products consigned from (Export's business name, address, country) | Reference No.<br>Certificate of Origin<br>(Combined Declaration and Certificate)<br>Issued in ________________________<br>(Country)<br>See Overleaf Notes |
| 2. Product consigned to (Consignee's name, address, country) | |
| 3. Means of transport and route (as far as known)<br>Departure date<br>Vessel's name/Aircraft etc. | 4. For Official Use<br>☐ Preferential Treatment Given<br>☐ Preferential Treatment Not Given<br>(Please state reason/s)<br>Signature of Authorized Signatory of the Importing Party |

| 5. Item Number | 6. Marks and numbers on packages | 7. Number and type of packages, description of products (including quantity where appropriate and HS number of the importing party) | 8. Origin criteria (See overleaf Notes) | 9. Gross weight or other quantity and value (FOB) | 10. Number and dates of invoices |
|---|---|---|---|---|---|
| | | | | | |

| | |
|---|---|
| 11. Declaration by the exporter<br>The undersigned hereby declares that the above details and statement are correct; that all the products were produced in<br>(Nepal)<br>------------------------------------------------------------<br>----and that they comply with the origin requirements specified for these products in the Rules of Origin for the products exported to<br>------------------------------------------------------------<br>----<br>(Importing Country) | 12. Certification<br>It is hereby certified, on the basis of control carried out, that the declaration by the exporter is correct.<br>------------------------------------------------<br>-----<br>Place and date, signature and stamp of certifying authority |
| 13.<br>☐ Issued Retroactively ☐ Exhibition<br>☐ Movement Certificate ☐ Third Party Invoicing | |